बागमती प्रदेश सरकार

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

हेटौंडा, नेपाल

## सवारी चालक अनुमती पत्रका आवेदकहरुको स्वास्थ्य परिक्षण गर्ने सेवा प्रदायकहरुलाई सूचिकृत हुन म्याद थप गरिएको सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१।११।१४*

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयले आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्ण रुपमा स्वचालित र अनलाइन प्रणालीमा आधारित रहने गरी बागमती प्रदेशको सवारी चालक अनुमती पत्रसम्बन्धि प्रणाली विकास गरी लागु गर्न लागेको हुदा सवारी चालक अनुमति-पत्रको लागि आवेदन गरेका सेवाग्राहीहरुको गरिने स्वास्थ्य जाँच गर्नका लागि ईच्छुक सेवा प्रदायकहरुलाई **विधुतिय माध्यमबाट सवारी चालक अनुमती पत्रको लागि स्वास्थ्य परिक्षण सेवा व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि निर्देशिका, २०८०** अधिनमा रही प्रस्ताव पेश गर्न मिति २०८१।११।२६ गतेको मा.मन्त्रिस्तरीय निर्णयानुसार मिति २०८१।११।२८ गतेवाट ३ दिनको लागी म्याद थप गरिएको व्यहोरा अनुरोध छ ।

नोटः मन्त्रालयमा दर्ता भएका सिलबन्दी प्रस्तावहरु मिति २०८१।१२।०३ गते दिनको १ बजे खोलिने हुदा प्रस्तावदाताहरुलाई उपस्थितिको लागी समेत हार्दिक अनुरोध छ ।

# बागमती प्रदेश सरकार
# श्रम, रोजगार तथा यातायात मन्त्रालय
## हेटौंडा, नेपाल

**सवारी चालक अनुमती पत्रका आवेदकहरुको स्वास्थ्य परिक्षण गर्ने सेवा प्रदायकहरुलाई सूचिकृत हुन आह्वान गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८१।११।१४*

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयले आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्ण रुपमा स्वचालित र अनलाइन प्रणालीमा आधारित रहने गरी बागमती प्रदेशको सवारी चालक अनुमती पत्रसम्बन्धि प्रणाली विकास गरी लागु गर्न लागेको हुदा सवारी चालक अनुमति-पत्रको लागि आवेदन गरेका सेवाग्राहीहरुको गरिने स्वास्थ्य जाँच गर्नका लागि ईच्छुक सेवा प्रदायकहरुलाई **विधुतिय माध्यमबाट सवारी चालक अनुमती पत्रको लागि स्वास्थ्य परिक्षण सेवा व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि निर्देशिका, २०८०** अधिनमा रही प्रस्ताव पेश गर्न यो सुचना प्रथम पटक प्रकाशन भएको मितिबाट ७ दिनभित्र प्रस्ताव पेश गर्न अनुरोध छ । ईच्छुक सेवा प्रदायकहरुले सिलबन्दी प्रस्ताव मन्त्रालयमा पेश गर्न सक्नेछन ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. कार्यविधि निर्देशिकाको अनुसूची १ अनुसारको  निवेदन पत्र
२. संस्था दर्ता प्रमाणपत्र तथा नवीकरण प्रमाण पत्र
३. प्यान वा भ्याट दर्ताको प्रमाणपत्र
४. चिकित्सकको योग्यताका र नेपाल मेडिकल काउन्सिलको प्रमाणपत्र
५. प्रस्तावित युजर आ. डी. र सेवा प्रवाह गर्न चाहेको कार्यालयहरुको विवरण
६. सम्पर्क व्यक्ति तथा ठेगाना, सम्पर्क नम्बर
७. सेवा प्रवाहका लागी प्रस्ताव आह्वन गरिएका कार्यालयहरु र छनोट गरिने चिकित्सक संख्या

- यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवन — ३ जना
- यातायात व्यवस्था कार्यालय, हेटौडा, मकवानपुर — २ जना
- यातायात व्यवस्था कार्यालय, खुर्कोट, सिन्धुली — २ जना
- यातायात व्यवस्था कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक — ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, एकान्तकुना, ललितपुर — ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, ठुलो भर्याङ्ग, काठमाडौ — ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, चावहिल, काठमाडौ — ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, राधे राधे, भक्तपुर — ३ जना

नोटः तोकिएको संख्यामा आवेदन नपरेमा समेत प्राप्त न्यूनतम मापदण्ड पुरा गर्ने आवेदनलाई सुचीकृत गर्न सकिनेछ ।

# जग्गा विवादले रोकियो कर्णाली 'हाई अल्टिच्युट ट्रेनिङ सेन्टर' निर्माण

जुम्ला (जस)- जुम्लाको पातारासी गाउँपालिका- ३ स्थित लौठचौरमा निर्माण हुने भनिएको 'कर्णाली हाई अल्टिच्युट ट्रेनिङ सेन्टर'को काम अझै अघि बढेको छैन । तालिम केन्द्रको नाममा जग्गा पास नहुँदा निर्माण रोकिएको छ । विद्यालयको नाममा रहेको जग्गामा हाई अल्टिच्युट ट्रेनिङ सेन्टर निर्माण गर्ने कि अर्को ठाउँमा निर्माण गर्न विषयमा विवाद हुँदा अहिले निर्माण अघि नबढेको पातारासी गाउँपालिका अध्यक्ष पूर्णसिंह बोहोराले जानकारी दिए ।

जग्गा विवादको विषयमा जिल्ला प्रशासन कार्यालयमा सर्वदलिय बैठकबाट निर्णय गरेर छिट्टै जग्गा विवाद टुङ्गो लगाई ट्रेनिङ निर्माणको काम अगाडि बढ्ने गाउँपालिका अध्यक्ष बोहोराको भनाइ छ । विद्यालयको जग्गा छोडेर बाँकी रहेको जग्गामा समेत उक्त ठाउँमा हाई अल्टिच्युट ट्रेनिङ सेन्टर निर्माण गर्न सकिन्छ । जग्गा विवाद देखाएर सरकारबाट विनियोजन भएको बजेट सदुपयोग गर्न नदिने खेल भएको गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले बताए । विश्वको सर्वाधिक उचाइमा धान फल्ने पातारासी गाउँपालिकामा अवस्थित लौठचौरलाई स्पोर्ट सिटीका रुपमा विकास गर्ने लक्ष्य ट्रेनिङ सेन्टरले लिइएको गाउँपालिका उपाध्यक्ष रोकायाको भनाइ छ ।

विभिन्न चरणमा गरेर सरकारको करिब रु तीन करोड ट्रेनिङ सेन्टर निर्माणमा खर्च भइसकेको छ । ट्रेनिङ सेन्टरलाई चाहिने जग्गा पालिका वडा नं ३ का स्थानीयवासीले निःशुल्क दान गर्ने प्रतिबद्धता जनाएको हुँदा उक्त जग्गा पासको प्रक्रिया अघि बढेको वडाध्यक्ष गोविन्द रावतले जानकारी दिए ।

चालु आर्थिक वर्ष २०८१ /८२ मा रु छ करोड २९ लाख बजेट विनियोजन भएको छ । स्थानीय पूर्वाधार विकास आयोजना सुर्खेतमा रु चार करोड र सहरी विकास तथा भवन निर्माण आयोजनाको कार्यालय जुम्लामा रु दुई करोड २९ लाख ३० हजार बजेट ट्रेनिङ सेन्टरको नाममा विनियोजन भएको आयोजनाका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए । यो आर्थिक वर्षभित्र उक्त बजेट खर्च गरिसक्नुपर्ने हुन्छ । जग्गा पास नहुँदा हाई अल्टिच्युट ट्रेनिङ सेन्टरको काम रोकिएको सहरी विकास तथा भवन निर्माण आयोजना जुम्लाका सूचना अधिकारी खड्काको भनाइ छ । जिल्ला खेलकुद विकास समिति जुम्लाले हाइ अल्टिच्युट मैदानको डिपिआर भने रु ३२ करोड तीन लाख बजेटको बनेको छ । रु १० लाख बजेटमा चिमारा इञ्जिनियरिङ कन्सल्टेन्सीले डिपिआर तयार गरेको थियो ।

विसं २०७४ पुस ३ मा युवा तथा खेलकुद मन्त्रालयका तत्कालीन सचिव महेश दाहालले मैदान निर्माणका लागि आवश्यक मापदण्ड र भौगोलिकताको अनुगमन गरेका थिए । यसपछि विद्यालयको जग्गा र स्थानीयवासीको जग्गामा रङ्गशालाको निर्माण कार्य थालिएको थियो । पटक पटकको करिब रु तीन करोड बजेटमा मैदान समथलमा खर्च भइसकेको छ । हाइ अल्टिच्युट मैदानमा भलिबल, फुटबल, कराते, बक्सिङ, तेक्वान्दो, बास्केट बल, एथलेटिक्सलगायत दुई दर्जन बढीका खेल मैदान निर्माण गरिने डिपिआरमा उल्लेख गरिएको छ । त्यसैगरी स्विमिङ पुल, लैङ्गिकमैत्री छात्रावास, सुरक्षागार्ड, पाहुनाघर, टिकट काउन्टरसमेत निर्माण गरिने भनिएको छ ।

संरचना निर्माणपछि यहाँ प्रशिक्षणमात्र हुने छैन उच्च हिमाली भेकको अवलोकन, विशुद्ध हावापानी, अर्गानिक खानासहित विशेष आतिथ्यता पनि प्राप्त हुने छ । खेल पर्यटन प्रवर्द्धन लौठचौरसँग जोडिएको विश्वको उच्च स्थानमा कालीमार्सी धान फल्ने ठाउँ छुमचौर ज्युला, सर्वाधिक महँगो जडीबुटी यार्सागुम्बा, पातारासी हिमालको भ्यू, तिलानदीको आकर्षणले पनि यो ट्रेनिङ सेन्टर देशी तथा विदेशी खेलाडीको प्रमुख गन्तव्य बन्ने छ ।

# भोजपुरको विकट 'लुङ्थुङ'मा स्वास्थ्य एकाइ स्थापना

भोजपुर (जस)- भौगोलिक रुपमा विकट रहेको भोजपुरको हतुवागढी-४ लुङ्थुङमा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरिएको छ । नागरिकलाई सहज स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्यले यहाँ सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरिएको हो । स्वास्थ्य एकाइ स्थापनाले यहाँका करिब तीन सय घरपरिवार लाभान्वित बनेका छन् ।

लुङ्थुङका नागरिकलाई सहज स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्यले सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सेवा प्रवाह थालिएको हतुवगढी ४ खैराङका अध्यक्ष चन्द्रबहादुर विष्टले जानकारी दिए । स्थानीयवासीलाई समान्य स्वास्थ्य सेवा लिनसमेत समस्या भएपछि वडाको पहलमा स्वास्थ्य एकाइ स्थापना गरिएको वडाध्यक्ष विष्टले बताए ।

"लुङ्थुङ भौगोलिक रुपमा विकट र निकै ठूलो भूगोल छ", वडाध्यक्ष विष्टले भने, "यहाँ स्वास्थ्य संस्था नहुँदा सामन्य स्वास्थ्य सेवा लिन पनि घण्टौं हिँड्नुपर्ने अवस्था थियो । नागरिकले भोगेको सास्तीलाई ध्यानमा राखेर स्वास्थ्य एकाइ स्थापना गरेर सेवा प्रवाह गरेका हौं ।"गाउँ नै स्वास्थ्य एकाइ स्थापना भएपछि स्थानीय खुसी भएका छन् । सामान्य प्राथमिक स्वास्थ्य उपचार नपाउँदा अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेकोमा स्वास्थ्य एकाई स्थापनाले सहजता भएको स्थानीयवासी तीर्थाकुमारी राईले बताए ।

"गाउँ नै स्वास्थ्य एकाइ स्थापनाले सहजता थपिएको छ", उनले भने, "हामीले आधारभूत स्वास्थ्य सेवा पाउन नै कठिन थियो । यहाँ नै सेवा लिन पाउँदा खुसी लागेको छ । बीच गाउँमा नै स्वास्थ्य संस्था स्थापना भएपछि सेवा लिन सहज छ ।"स्वास्थ्य एकाई स्थापनाले बिरामी हुँदा सिटामोल तथा जीवनजल लिनको लागि घण्टौं धाउनुपर्ने अवस्थाको अन्त्य भएको स्थानीयबासी मानबहादुर राईले बताए । स्वास्थ्य एकाइ स्थापनाले वर्षौंदेखि स्थानीयले भोग्दै आएको समस्याको अन्त्य भएको उनको भनाइ छ । "नजिकमा स्वास्थ्य संस्था नहुँदा लामो समयदेखि समस्या भोग्दै आएका थियौं", उनले भने, "अहिले गाउँमा नै स्वास्थ्य एकाइ सञ्चालनमा आएको छ । अब सामान्य बिरामी हुँदा घण्टौं लगाएर अन्यत्र जानुपर्ने समस्या हटेको छ ।"

नागरिकलाई सहज र सरल रुपमा सेवा प्रवाह गर्न योजनाबद्ध रुपमा काम भइरहेको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । भौगोलिक विकटताका कारण सेवा प्रवाहमा समस्या देखिएपछि सामुदायिक स्वास्थ्य एकाइ सञ्चालनमा ल्याएर नागरिकलाई सेवा प्रवाह थालिएको अध्यक्ष राईको भनाइ छ । । खैराङका साविकका वडा २, ३, ४, ५ र ६ का स्थानीयलाई लक्षित गरेर लुङ्थुङमा सामुदायिक स्वास्थ्य एकाइमार्फत सेवा प्रवाह थालिएको अध्यक्ष राईले बताए । यहाँको सामुदायिक भवनबाट स्वास्थ्य सेवा प्रवाह थालिएको अध्यक्ष राईले जानकारी दिए ।

"गाउँपालिकाले नागरिकलाई दिने सेवालाई सहज र सरल बनाउने अभियान जुटेका छौं", अध्यक्ष राईले भने, "भौगोलिक विकटताका कारण नागरिकलाई सेवा लिन समस्या छ । त्यस्ता ठाउँमा पनि सहज सेवा पुऱ्याउने काम गरिरहेका छौं ।" गाउँपीलिकाले स्वास्थ्य, शिक्षासँगै यहाँको सडक, विद्युत्, पूर्वाधारलगायतको विकासमा योजनाबद्ध रुपमा काम गरिरहेको उनको भनाइ छ ।

# अर्जुनधाराधाममा २५ जोडीको दाइजोमुक्त सामूहिक विवाह गरिने

झापा (जस)- यहाँको अर्जुनधारा जलेश्वरधाममा कोशी प्रदेशका २५ जोडीको दाइजोमुक्त सामूहिक विवाह गरिने भएको छ । धामले प्रदेशका १४ वटै जिल्लाका १३७ वटा पालिकामा सामूहिक विवाह गर्न इच्छुक विपन्न परिवारका जोडीको सिफारिस गरिदिन पत्राचार गरेको धाम समितिका कोषाध्यक्ष मनोज जोशीले बताए । विश्व हिन्दू परिषद् नेपालसँगको सहकार्यमा अर्जुनधारा नगरपालिका-७ स्थित धामको मन्दिर परिसरमा सामूहिक विवाह उत्सवको आयोजना गरिएको हो । उनका अनुसार नयाँ वर्ष २०८२ को वैशाख २ गते विवाहको मिति निर्धारण गरिएको छ । वडा कार्यालयले कानुनबमोजिम उमेर पुगेको सिफारिस गरेका आधारमा अभिभावकको उपस्थितिमा जोडीहरूको हिन्दू परम्पराअनुसार वैवाहिक कार्यक्रम गरिने धामले जनाएको छ ।

सामूहिक विवाहका लागि रु ६० लाख खर्च लाग्ने अनुमान गरिएको छ । २५ जोडीको विवाहमा लाग्ने सबै खर्च अर्जुनधाराधाम विकास समितिका अध्यक्ष नवीन गट्टानीले व्यहोर्ने बताउनु भएको छ । उनले आफ्नो वैवाहिक रजत वर्षगाँठका अवसरमा उक्त खर्च व्यहोरिदिने बताएका हुन् । "मैले राम्रो कार्यको सुरुआत होस् भनेर पहिलो वर्षको सम्पूर्ण खर्च व्यहोर्ने भएको हुँ," धामका अध्यक्ष गट्टानीले भने, "अर्को बर्षदेखि मन्दिर आफैंले निरन्तर रूपमा यस उत्सवलाई अगाडि बढाउनेछ ।"

उनले सामूहिक विवाहमा वरवधुलाई आवश्यक शृङ्गारिक कपडा, बेहुलीलाई बेहुलाका तर्फबाट लगाइने पोतेसहितको सुनको तिलहरि, गाग्री खड्कुलासहित भाँडावर्तन र शुद्ध साकाहरी खानाको व्यवस्था गरिने बताए । विवाहमा दाइजो निषेध गरिएको छ । धाम समितिका कोषाध्यक्ष जोशीले विवाहका लागि इच्छुक जोडीका अभिभावकहरूले पालिकाले २० वर्ष उमेर पूरा भएको खुल्नेगरी दिएको सिफारिस पत्रसहित नेपाली नागरिकता वा जन्मदर्ताको प्रतिलिपि र पासपोर्ट साइजको दुईप्रति तस्बिरसहित धाममा सम्पर्क गर्नुपर्ने र धामले तोकेको फाराम भर्नुपर्ने बताए ।

# प्रेम विवाहको विषयमा झडप हुँदा १९ घाइते

नवलपरासी (जस)- प्रेम विवाहको विषयमा पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-३ बेलासपुरमा मंगलबार दुई पक्षबीच झडप हुँदा १९ जना घाइते भएका छन् । इलाका प्रहरी कार्यालय महेशपुरको बा१झ ७४४८ नंको गाडीमा आगजनी भएको छ । नेपाल प्रहरीका ११, सशस्त्र प्रहरीका चार र स्थानीय चारजना घाइते भएको प्रहरीले जनाएको छ । झडपमा घाइते भएका पाल्हीनन्दन गाउँपालिका-३ कुश्माका ३५ वर्षीय विजय धवलको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नारायण थापाले बताए ।

धवलको भैरहवास्थित सिटी अस्पतालमा उपचार भइरहेको छ । केटीपक्षका सोवराती पवरियाले चलाएको लु१त ७७०० नंको पिकअपले ठक्कर दिँदा धवल गम्भीर घाइते भएका हुन् । धवलको पेटमा चोट लागेको छ । धवलसँगै सोही स्थान बस्ने ४५ वर्षीय बैजनाथप्रसाद लोनियलाई पनि गाडीले ठक्कर दिएको हो । लोनियको दुवै खुट्टामा चोट लागेको छ । प्रहरीले घटनालाई नियन्त्रणमा लिन पाँच राउन्ड अश्रु ग्यास र तीन राउण्ड हवाई फायर गरेको प्रहरी निरीक्षक थापाले जानकारी दिए । केटाकेटीको प्रेम सम्बन्धलाई लिएर सुरु भएको विवादले झडपको रुप लिएको थियो । केही दिनअगाडि एक स्थानीय केटा र केटीबीच भागी विवाह भएको थियो ।

# छ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा

स्याङ्जा (जस)- यहाँको चापाकोट नगरपालिकाले छ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ । नगरपालिकाका १० वटा वडामध्ये प्रत्येक वडाका अति विपन्न ६० घर परिवारका दरले छनोट गरी नगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो । आर्थिक अभावकै कारण आधारभूत स्वास्थ्य सुविधा पाउनबाट बञ्चित नहोउन् भन्ने उद्देश्यले स्वास्थ्य बिमा गरिदिएको नगर प्रमुख देवबहादुर खाँडले बताए । उनले भने, "नेपाल सरकारले लागू गरेको स्वास्थ्य बिमा अभियानमा आवद्ध बनाइ स्वास्थ्य सेवालाई अति विपन्न वर्गको पहुँचसम्म पुऱ्याउन निःशुल्क स्वास्थ्य बिमा गरिदिएका हौं ।"

नगरपालिकाले चालु आर्थिक वर्षमा अति विपन्न समुदायको स्वास्थ्य बिमा गर्न रु २५ लाख ६० हजार बजेट विनियोजन गरेको थियो । चालु आर्थिक वर्षमा सात सय २५ जनाको स्वास्थ्य बिमा गर्न बजेट विनियोजन गरेकामा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि थप बजेट व्यवस्थानको तयारी गरिरहेको नगरपालिकाले जनाएको छ । नगरपालिकाले स्वास्थ्य बिमा बनाइदिएका नागरिकलाई बिमा कार्ड वितरण गरेको छ ।

## विदेश

# रूसी सुरक्षा प्रमुख र इन्डोनेसियाका राष्ट्रपति प्राबोवोबीच भेटवार्ता

जकार्ता (एएफपी): मस्को र जकार्ताबीच रक्षा सम्बन्धलाई प्रगाढ बनाउने प्रयास गरिरहेका बेला रूसका शीर्ष सुरक्षा अधिकारी सर्गेई शोइगुले इन्डोनेसियाका राष्ट्रपति प्राबोवो सुबिआन्तो र उनका रक्षामन्त्रीसँग मङ्गलबार भेटवार्ता गरेका छन् । दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो अर्थतन्त्र मानिने जकार्ताले तटस्थ विदेश नीति कायम राख्छ, युक्रेन द्वन्द्वमा वा संयुक्त राज्य अमेरिका र चीनबीचको महाशक्ति प्रतिस्पर्धामा पक्ष लिन इन्कार गर्दछ ।

रूसका पूर्व रक्षामन्त्री तथा हाल सुरक्षा परिषद्का सचिव शोइगुलाई सन् २०२२ मा युक्रेनमा रूसी सेना पठाउने निर्णयमा प्रभावशाली सहयोग गर्ने राष्ट्रपति भ्लादिमिर पुटिनका कट्टर सहयोगी मानिन्छ । इन्डोनेसियाको रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "उनले मङ्गलबार बिहान राजधानी जकार्तामा रक्षामन्त्री जाफरी स्जामसोएद्दिनसँग शिष्टाचार भेट गरेका थिए ।" त्यसपछि प्राबोवोले मङ्गलबार अपराह्न राष्ट्रपति भवनमा शोइगुलाई स्वागत गरेको राष्ट्रपति भवनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

"यो भ्रमणले इन्डोनेसिया र रूसबीचको द्विपक्षीय सम्बन्ध, विशेषगरी सुरक्षा र प्रतिरक्षाको क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउने महत्वपूर्ण क्षणको सङ्केत गरेको छ," विज्ञप्तिमा भनिएको छ । उनीहरूबीच द्विपक्षीय सम्बन्ध र क्षेत्रीय सुरक्षासँग सम्बन्धित विभिन्न रणनीतिक विषयमा छलफल भएको थियो । यो भ्रमणले भविष्यमा सहयोगका लागि व्यापक अवसरको ढोका खोलिदिएको र दुवै पक्ष 'आफ्नो रणनीतिक साझेदारीलाई मजबुत बनाउन' प्रतिबद्ध रहेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

हालै सन् २०२४ अक्टुबरमा राष्ट्रपतिको जिम्मेवारी सम्हालेका प्राबोवोले विश्व मञ्चमा साहसी हुने प्रतिबद्धता व्यक्त गरेका छन् र पुटिनसँग वार्ताका लागि जुलाईमा मस्कोको भ्रमण गरेका थिए । गत नोभेम्बरमा इन्डोनेसिया र रूसले पहिलो पटक संयुक्त नौसैनिक अभ्यास गरेका थिए । इन्डोनेसियाको मुख्य टापु जाभाको पूर्वमा भएको अभ्यासका लागि रूसले तीनवटा कार्वेट श्रेणीका युद्धपोत, एउटा मध्यम ट्याङ्कर जहाज, एउटा सैन्य हेलिकप्टर र एउटा 'टग बोट' पठाएको थियो ।

जकार्ताको मस्कोसँग अर्बौं डलरको व्यापारिक सम्बन्ध छ, तर रूसले सन् २०१४ मा क्रिमिया कब्जा गरेर युक्रेनमाथि आक्रमण सुरु गरेपछि पछिल्ला वर्षहरूमा प्रमुख हतियार आयात रोकिएको थियो । सन् २०१९ मा रक्षामन्त्री बनेयता प्राबोवोले अमेरिकी प्रतिबन्धको चेतावनीका बावजुद एक वर्षअघि भएको १.१ अर्ब अमेरिकी डलरको रूसी लडाकु विमान सम्झौतालाई कायमै राखेका छन् ।

# दक्षिण कोरियाका राष्ट्रपति युनविरूद्धको महाभियोगको अन्तिम सुनुवाइ सुरु

सियोल (एएफपी): दक्षिण कोरियाका अपदस्थ राष्ट्रपति युन सुक योलविरुद्ध महाभियोगको अन्तिम सुनुवाइ मङ्गलबार भएको छ । न्यायाधीशहरूले उनलाई औपचारिक रूपमा पदबाट हटाउने वा नहटाउने भन्ने निर्णय लिनका लागि महाभियोगको अन्तिम सुनुवाइ सुरु भएको हो । युनले गरेको 'नागरिक शासन'को अल्पकालीन निलम्बन (मार्शल ल लगाउने निर्णय)ले दक्षिण कोरियालाई राजनीतिक उथलपुथलमा फसाएको थियो र डिसेम्बरमा संसदले उनविरूद्ध महाभियोग लगाउँदै पदबाट हटाउने निर्णय गरेको थियो ।

विद्रोहको आरोपमा गत महिना पक्राउ परेदेखि नै ६४ वर्षीय निलम्बित राष्ट्रपति युन जेलमा छन् यसका लागि उनलाई मंगलबारीवन कारावास वा मृत्युदण्डको सजाय समेत हुन सक्छ । उनको मुद्दा गत सातादेखि सुरु भएको थियो । सियोलस्थित संवैधानिक अदालतमा महाभियोगको हप्तौंदेखिको सुनुवाइपछि मङ्गलबारको अदालती सत्र उनको सुनुवाईको अन्तिम सत्र हो, अहिलेसम्मका सुनुवाईको आधारमा आठ जना न्यायाधीशले उनको भाग्यको अन्तिम फैसला गर्नेछन् । एएफपीका एक पत्रकारका अनुसार स्थानीय समयानुसार अपराह्न २ :०० बजे युनको अनुपस्थितिमा नै मुद्दाको सुनुवाइ सुरु भएको थियो । सुनुवाईका लागि सत्तारुढ दल पिपुल्स पावर पार्टीका केही सांसद भने उपस्थित थिए ।

सन् २०२४ मा अमेरिकी सर्वोच्च अदालतले डोनाल्ड ट्रम्पविरुद्ध संयुक्त राज्य अमेरिकाको फैसलालाई नजिर बनाउँदै युनको प्रतिरक्षा टोलीले अपदस्थ राष्ट्रपतिलाई ' आफ्नो मूल संवैधानिक अधिकार प्रयोग गरेको' ले दण्डित गर्न नमिल्ने तर्क गरेको थियो । युनका वकिल ली डोङ चानले उक्त फैसलालाई महाभियोगको प्रक्रियाका सन्दर्भमा विचार गर्नुपर्ने बताएका थिए । मङ्गलबार युनका वकीलहरूले निलम्बित राष्ट्रपति युनको प्रतिरक्षामा अन्तिम तर्क प्रस्तुत गर्ने अपेक्षा गरिएको छ भने संसदका प्रतिनिधिहरूलाई उनलाई हटाउनका लागि मुद्दा प्रस्तुत गर्न समय दिइएको छ ।

अदालत बाहिर यून समर्थक प्रदर्शनकारीले 'महाभियोग हटाउनुहोस्' भन्दै नाराबाजी गरेका थिए । केहीले चिनियाँ कम्युनिस्ट पार्टी र उत्तर कोरियाको निन्दा गर्ने साइनबोर्ड राखेका थिए । युनका केही समर्थकले चीन र उत्तर कोरियामाथि बिना प्रमाण दक्षिण कोरियाली चुनावमा विपक्षीको फाइदाका लागि हस्तक्षेप गरेको आरोप लगाएका छन् । सन् २०२० को चुनावमा जो बाइडेनसँग पराजित हुँदा अमेरिकी राष्ट्रपति ट्रम्पले मतदातालाई धाँधली गरेको झुटो दाबी गरेको प्रतिविम्बित गर्दै अन्यले 'स्टप द स्टिल' लेखिएको साइनबोर्ड बोकेका थिए । युनको भाग्यबारे आउने फैसला मार्चको मध्यतिर आउने अपेक्षा गरिएको छ ।यसअघि महाभियोग लगाइएका राष्ट्रपतिहरू पार्क ग्युन हे र रोह मू ह्युनले आफ्नो भाग्यको फैसलाका लागि सुनुवाई सकिएको क्रमशः ११ र १४ दिन पर्खनुपरेको थियो ।

बागमती प्रदेश सरकार

**श्रम, रोजगार तथा यातायात मन्त्रालय**

हेटौंडा, नेपाल

**सवारी चालक अनुमती पत्रका आवेदकहरुको स्वास्थ्य परिक्षण गर्ने सेवा प्रदायकहरुलाई सूचिकृत हुन आह्वान गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८१।११।१४*

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयले आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्ण रुपमा स्वचालित र अनलाइन प्रणालीमा आधारित रहने गरी बागमती प्रदेशको सवारी चालक अनुमती पत्रसम्बन्धि प्रणाली विकास गरी लागु गर्न लागेको हुदा सवारी चालक अनुमति-पत्रको लागि आवेदन गरेका सेवाग्राहीहरुको गरिने स्वास्थ्य जाँच गर्नका लागि ईच्छुक सेवा प्रदायकहरुलाई **विधुतिय माध्यमबाट सवारी चालक अनुमती पत्रको लागि स्वास्थ्य परिक्षण सेवा व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि निर्देशिका, २०८०** अधिनमा रही प्रस्ताव पेश गर्न यो सुचना प्रथम पटक प्रकाशन भएको मितिबाट ७ दिनभित्र प्रस्ताव पेश गर्न अनुरोध छ । ईच्छुक सेवा प्रदायकहरुले सिलबन्दी प्रस्ताव मन्त्रालयमा पेश गर्न सक्नेछन।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. कार्यविधि निर्देशिकाको अनुसूची १ अनुसारको निवेदन पत्र
२. संस्था दर्ता प्रमाणपत्र तथा नवीकरण प्रमाण पत्र
३. प्यान वा भ्याट दर्ताको प्रमाणपत्र
४. चिकित्सकको योग्यताका र नेपाल मेडिकल काउन्सिलको प्रमाणपत्र
५. प्रस्तावित युजर आ. डी. र सेवा प्रवाह गर्न चाहेको कार्यालयहरुको विवरण
६. सम्पर्क व्यक्ति तथा ठेगाना, सम्पर्क नम्बर
७. सेवा प्रवाहका लागी प्रस्ताव आह्वन गरिएका कार्यालयहरु र छनोट गरिने चिकित्सक संख्या

- यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवन ३ जना
- यातायात व्यवस्था कार्यालय, हेटौंडा, मकवानपुर २ जना
- यातायात व्यवस्था कार्यालय, खुर्कोट, सिन्धुली २ जना
- यातायात व्यवस्था कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, एकान्तकुना, ललितपुर ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, ठुलो भर्याङ्ग, काठमाडौं ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, चावहिल, काठमाडौं ३ जना
- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र, राधे राधे, भक्तपुर ३ जना

**नोटः** तोकिएको संख्यामा आवेदन नपरेमा समेत प्राप्त न्यूनतम मापदण्ड पुरा गर्ने आवेदनलाई सुचीकृत गर्न सकिनेछ ।